# कान्क्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



कान्क्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा



वर्ष : २६ | अंक : १२ | मंगलवार, १३ असोज, २०८३ | Tuesday, 29 Sep 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# किशोर मनको मौनता नबुझ्दा बढ्दो जोखिम



चाँदनी कठायत

सुर्खेत, १२ असोज

गत साउन २ गते सुर्खेतको लेकवेशी नगरपालिका-१ की १३ वर्षिया गुञ्जन खड्कालाई अपरिचिति समूहले घर नजिकैको वन छेउ (सडक) मा वेहोस अवस्थामा मुखमा पट्टी र डोरीले हात खुट्टा बाँधेर फालिदिए। घाँस काट्न गएका स्थानीयले देखेपछि लेखफर्सामा रहेको अस्थायी प्रहरी बिटमा जानकारी गराएपछि प्रहरीले उनको डोरी फुकाएर सोधपुछ गऱ्यो। अर्धवेहोस अवस्थामा भेटिएकी उनले प्रहरीसमक्ष घटनाबारे केही पनि बताइनन्। आफूलाई एक जना व्यक्तिले नसा सुँघाएर वेहोस गराएकाले आफूले केही थाह नपाएको बताएपछि प्रहरीले गुञ्जनलाई आफन्तको जिम्मा लगायो।

भोलिपल्ट उनी आफैले प्रहरीसमक्ष के-के भएको हो भन्छु भन्दै प्रहरी चौकी गएपनि उनले त्यहाँ पुगेपछि केही बोलिनन्। प्रहरी चौकी पुगेर आफन्तले घर ल्याउने क्रममा आफन्तलाई धेरै पछाडी नै छाडेर उनी छिटोछिटो अगाडी लागिन्। उनी अध्ययनरत विद्यालयकी शिक्षक रुपा पौडेलका अनुसार प्रहरी चौकीबाट घरतिर लागेकी गुञ्जन घर पुगिनन्। 'आफन्त घर पुग्दा उनी घर थिइनन्,' उनले भनिन्, 'त्यस दिन उनी घर नपुगेपछि घरमा खोजी सुरु भयो।' तीन गतेदेखि हराएकी नातीनिको खोजीमा उनका बाजे बज्यै र अन्य आफन्त जताततै धाए। चार गते दिनभरी खोज्दा पनि नभेटिएकी गुञ्जन अन्ततः ५ गते बिहान वनमा झुन्डिएको अवस्थामा फेला परिन्। उनले आफु झुण्डिनुभन्दा अगाडी भुईंमा लेखेकी थिइन्, 'मलाई कसैले बुझ्नेन, कसैले माया गरेन,' पानको पातको चिन्ह्सहित उनले थप लेखेकी थिइन्, 'मलाई माफ गरिदिनुहोला।'

बुवा कामका लागि भारत र आमाले छोडेर अन्त गएपछि बाजे बज्यैको सहारामा हुर्किएकी गुञ्जनले लामो समयको मानसिक तनाबपछि अन्ततः आत्महत्याको बाटो रोजिन्। 'उनीमाथि घटेको घटनाबारे थप बुझ्न खोजको भए यस्तो घटना हुने थिएन कि,' स्थानीय प्रेमबहादुर कठायत भन्छन्, ' नानीसँग प्रहरीले अथवा घरमा अन्य सदस्यले भन्न खोजेको कुरा बुझेर उनलाई संरक्षण गरेको भए यस्तो नहुन पनि सक्थ्यो, अहिले धेरै बालबालिका तथा किशोर किशोरीहरुको कुरा अभिभावकले नसुन्दा गलत बाटो रोजिरहेका छन्।'

गुञ्जनको घटनाजस्तै किशोरकिशोरीको मानसिक स्वास्थ्य अहिले विश्वव्यापी चिन्ताको विषय बनेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार १० देखि १९ वर्ष उमेर समूहका प्रत्येक सातमध्ये एक जनाजति कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन्। किशोरावस्थामा सुरु हुने मानसिक स्वास्थ्य समस्याले पढाइ, सामाजिक सम्बन्ध र दैनिक जीवनमा असर पार्न सक्छ। विश्व स्वास्थ्य संगठनका अनुसार आत्महत्या पनि किशोरकिशोरी तथा युवाको मृत्युको प्रमुख कारणमध्ये एक हो। तर यस्तो अवस्था विश्वका अरु ठाउँमा मात्रै छैन। नेपालमा पनि किशोरकिशोरीको मानसिक स्वास्थ्यसँग जोडिएका समस्या देखाउने अध्ययनहरू छन्।

यस्तै, गत असार ३० गते वीरेन्द्रनगर नगरपालिकाका कक्षा १० मा अध्ययनरत १५ वर्षिय एक किशोरले पनि यही बाटो रोजे। आफन्तकाअनुसार लामो समयदेखि एक्लै बस्ने, पढ्दा होस् या काम गर्दा वा मोबाइल हेर्दा ढोका थुनेर बस्ने गर्थे। छोराको अवस्थाबारे परिवार अनभिज्ञ थिए। छोराको एक्लै बस्ने, कसैसँग घुलमिल नहुने, कुरा नगर्ने बानीलाई परिवारले यस्तै होला भनेर वेवास्ता गऱ्यो। अन्ततः ति किशोरले पनि आफ्नै कोठामा आत्महत्या गरे।

नेपालमा किशोरकिशोरीको आत्महत्यासम्बन्धी अवस्था बुझ्न गरिएको एक अध्ययनमा ६ हजार ५ सय ३१ जना कक्षा ७ देखि ११ सम्मका विद्यार्थी सहभागी थिए। विश्व स्वास्थ्य संगठनको नियदर्बा क्अजयर्या-दबकभम क्तगमभलत ज्भबतिज क्गचखभथ मा आधारित यो अध्ययन २०१५ मा संकलन गरिएको तथ्यांकमा आधारित थियो र २०१९ मा प्रकाशित भएको हो। अध्ययनमा १३ दशमलव ५९ प्रतिशत विद्यार्थीले आत्महत्याबारे सोचेको र १० दशमलव ३३ प्रतिशतले आत्महत्याको प्रयास गरेको बताएका थिए। चिन्ता, एक्लोपन, खाद्य असुरक्षा र विद्यालयबाट अनुपस्थित हुनेजस्ता अवस्था आत्महत्याको सोच वा प्रयाससँग सम्बन्धित देखिएका थिए।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सहित विभिन्न संस्थाका अनुसन्धानकर्ताले २०२३ मा प्रकाशित गरेको अर्को अध्ययन भने कर्णालीमै केन्द्रित थियो। सुमन पन्तसहितका अनुसन्धानकर्ताले ग्रामीण कर्णालीका ४ सय २४ किशोरकिशोरीमा गरेको अध्ययनमा १९ दशमलव ८ प्रतिशतमा मध्यम र २ दशमलव ४ प्रतिशतमा उच्च शैक्षिक तनाव देखिएको थियो। छात्रामा शैक्षिक तनावको सम्भावना छात्रको तुलनामा करिब तीन गुणा बढी देखिएको अध्ययनको निष्कर्ष थियो।

तर जुम्लाका १४ वर्षिय जगदिश विष्टको भने अवस्था फरक रह्यो। आमाको निधनपछि बुवाले अर्को विहे गरेका कारण मानसिक तनावबाट गुज्रिरहेका उनले दुईपटकसम्म स्कुलमा नै झुण्डिने प्रयास गरे। छोराको क्रियाकलापमाथि ध्यान दिइरहेका बुवा धर्मजितले मनको कुरा बुझ्न उनलाई लिएर पोखरा घुम्न गए। 'मैले एक्ले उसलाई पोखरा लगेर बाँकी पृष्ठ ४

## के गर्दैछ प्रदेश सरकार ?

*कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई प्रदेशको स्वास्थ्य कार्यक्रमभित्र समेटेर विभिन्न काम गर्दै आएको छ। प्रदेशले 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९-२०८७' बनाएर मानसिक स्वास्थ्यलाई स्थानीय तहसम्म लैजाने नीति अघि सारेको छ। त्यसअनुसार स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक तथा समुदायसँग मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण र अन्तरक्रिया सञ्चालन हुँदै आएका छन्।*

*सामाजिक विकास मन्त्रालयका मानसिक स्वास्थ्य फोकल पर्सन खगेन्द्रप्रकाश गैरेका अनुसार आर्थिक वर्ष २०७९/८० देखि प्रदेशका ७९ स्थानीय तहमध्ये ४३ स्थानीय तहमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन भइसकेका छन्। स्थानीय तहका पदाधिकारी तथा स्वास्थ्यकर्मीलाई मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिने काम पनि भइरहेको उनले बताएका छन्। प्रदेश सरकारले मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना र अभिमुखीकरण कार्यक्रमका लागि विभिन्न वर्षमा बजेट विनियोजन गर्दै आएको छ। गैरेका अनुसार यसपटक स्थानीय तह तथा विद्यालयस्तरमा मानसिक स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। 'यसपटक बजेट निकै कम विनियोजन भएको छ,' गैरेले भने।*

*प्रदेश सरकारले स्वास्थ्यकर्मीको क्षमता विकासमा पनि काम गरेको छ। सार्वजनिक विवरणअनुसार करिब ६ सय स्वास्थ्यकर्मीलाई 'कन्भर्जन डिसअर्डर' सम्बन्धी तालिम दिइएको छ। मानसिक स्वास्थ्यसम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम कर्णालीका १० वटै जिल्लामा विस्तार गरिएको प्रदेश सरकारको भनाइ छ। स्वास्थ्य सेवा निर्देशनालयको वार्षिक प्रतिवेदनमा पनि किशोरकिशोरीको स्वास्थ्यलाई लक्षित गर्दै कार्यक्रम सञ्चालन भइरहेको उल्लेख छ। कर्णालीमा १ सय २३ वटा किशोरमैत्री स्वास्थ्य संस्था सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख छ।*

*मनोविद् लक्ष्मी तामाङले पछिल्लो समय मानिसको जीवनशैली र बसाइँसराइ तथा जीवनयापनको अवस्थामै आएको परिवर्तनले मानसिक स्वास्थ्यका चुनौती बढाउन सक्ने उनको भनाइ सार्वजनिक भएको छ। उनले परिवार र विद्यालयले बालबालिकाको मानसिक तथा भावनात्मक अवस्थामा आउने परिवर्तनलाई बुझ्नुपर्नेमा जोड दिएकी छन्।*

## सरकार समावेशी नभएको भन्दै उच्चमा मुद्दा




काँक्रेविहार संवाददाता

सुर्खेत, १२ असोज

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् गठन तथा विस्तार संविधानको समावेशी सिद्धान्तविपरीत भएको दाबी गर्दै उच्च अदालत सुर्खेतमा रिट निवेदन दायर गरिएको छ।

मन्त्रिपरिषद् गठन गर्दा दलित समुदायको प्रतिनिधित्व नगराइएको भन्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशका संयोजक नारायण सुवेदी र सुर्खेत पञ्चपुरी नगरपालिका-५ निवासी ललिता वि.क.ले कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कर्णाली प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाइ सोमबार उच्च अदालत सुर्खेतमा रिट निवेदन दायर गरेका हुन्।

रिट निवेदकहरूले नेपालको संविधानको धारा १६८ (९) ले प्रदेश मन्त्रिपरिषद् समावेशी सिद्धान्तका आधारमा गठन गर्नुपर्ने व्यवस्था गरेको उल्लेख गर्दै हाल गठन तथा विस्तार गरिएको कर्णाली प्रदेश मन्त्रिपरिषद् बदर गरी समावेशी सिद्धान्तका आधारमा पुनः मन्त्रिपरिषद् गठन तथा विस्तार गर्न माग गरेका छन्।

रिटमा मन्त्रिपरिषद् गठन तथा विस्तारसम्बन्धी निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेशसमेत माग गरिएको छ। उक्त रिटको पेशी मंगलबार तोकिएको छ।

रिट निवेदनमा कर्णाली प्रदेशको मन्त्रिपरिषद् गठनका क्रममा दलित समुदायको प्रतिनिधित्व नगराइएको विषयलाई मुख्य आधार बनाइएको छ। निवेदकहरूले कर्णाली प्रदेशको जनसंख्यामा दलित समुदायको उल्लेख्य उपस्थिति रहेको र प्रदेशसभामै दलित समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यहरू हुँदाहुँदै मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व नगराइनु संविधानले सुनिश्चित गरेको समावेशी सिद्धान्त अनुकूल नभएको दाबी गरेका छन्।

## कर्णाली प्रदेशका सांसद राजकुमार शर्मा पदमुक्त, सर्वोच्चले खारेज गऱ्यो रिट



काँक्रेविहार संवाददाता

सुर्खेत, १२ असोज

कर्णाली प्रदेश सभाका सांसद राजकुमार शर्मालाई पदमुक्त गर्ने निर्णय सर्वोच्च अदालतबाट पनि सदर भएको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले शर्मालाई पदमुक्त गर्न प्रदेश सभा सचिवालयलाई पत्र पठाएको थियो। नेकपाको निर्णयविरुद्ध शर्मारिले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय सारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले शर्माको रिट खारेज गरेको हो।

यसअघि नेकपाको निर्णय तत्काल कार्यान्वयन नगर्न र शर्मालाई बाँकी पृष्ठ ३


## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चार माध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

***विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।***

नेपाल सरकार

विज्ञापन बोर्ड

## सम्पादकीय

# विपद् आउनुअघि नै तयारी किन हुँदैन ?

कर्णालीमा विपद् नयाँ विषय होइन । बर्सेनि वर्षा सुरू भएसँगै पहिरो, बाढी, डुबान, सडक अवरोध र अन्य प्राकृतिक विपद्का घटना दोहोरिन्छन् । तर विपद् दोहोरिइरहनु र त्यसबाट हुने क्षति कम गर्न नसक्नु भने चिन्ताको विषय हो । गत साउनयता कर्णालीमा १ सय ७५ वटा विपद्का घटना भएका छन् । ती घटनामा १० जनाको मृत्यु, ३१ जना घाइते र दुई जना बेपत्ता भएका छन् । विपद्का कारण १ सय ५२ घरधुरी विस्थापित भएका छन् भने १ सय ४९ घरधुरीका ८ सय २४ जनालाई सुरक्षित स्थानमा सारिएको छ । यो तथ्यांक तत्कालको अवस्थाको चित्र मात्र हो । विगत एक दशकमा कर्णालीमा विपद्का कारण ६ सय १९ जनाले ज्यान गुमाइसकेका छन् । यही अवधिमा ६८ जना बेपत्ता र १ हजार २ सय ६६ जना घाइते भएका छन् । पहिरो, भूकम्प, आगलागी, चट्याङ र बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएका छन् ।

कर्णालीको भौगोलिक बनोट र कमजोर पूर्वाधारका कारण जोखिम बढी हुनु स्वाभाविक हो । तर भौगोलिक कठिनाइलाई मात्र क्षतिको कारण देखाएर राज्यको जिम्मेवारीबाट उम्कन मिल्दैन । जोखिमयुक्त बस्ती पहिचान गर्ने, पूर्वसूचना प्रणाली बलियो बनाउने, सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र विपद् आउनुअघि नै उद्धार तथा राहतको तयारी गर्ने काम नियमित हुनुपर्छ । अझ गम्भीर कुरा त के हो भने तत्कालीन कर्णाली विकास आयोगको अध्ययनले साविक कर्णालीका चार जिल्लाका ३ सय १८ गाउँबस्तीलाई उच्च जोखिममा देखाएको थियो । प्रदेश सरकारकै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले पनि कर्णालीलाई बहुप्रकोपको उच्च जोखिममा रहेको स्वीकार गरेको छ ।

जोखिम थाहा हुँदाहुँदै पनि हरेक वर्ष मानवीय क्षति दोहोरिनु हाम्रो तयारीमाथि प्रश्न हो । सडकमा पहिरो खसेपछि डोजर पठाउने, घर बगेपछि राहत बाँड्ने र मानिस विस्थापित भएपछि सुरक्षित स्थान खोज्ने परम्परागत शैलीले मात्र विपद् व्यवस्थापन हुन सक्दैन । अब कर्णालीले विपद् व्यवस्थापनलाई राहत र उद्धारमा सीमित नराखी जोखिम न्यूनीकरणसँग जोड्नुपर्छ । स्थानीय तहदेखि प्रदेश सरकारसम्म स्पष्ट जिम्मेवारी, पर्याप्त बजेट र पूर्वतयारीको प्रभावकारी कार्यान्वयन आवश्यक छ । विपद् रोक्न नसकिएला, तर त्यसबाट हुने क्षति भने धेरै हदसम्म घटाउन सकिन्छ । त्यसका लागि विपद् आएपछि होइन, विपद् आउनुअघि नै सरकार र समुदाय दुवैले आवश्यक तयारी थाल्नुपर्छ ।

# महिला पब्जी च्याम्पियनसिपको उपाधिका लागि १६ टोली भिड्दै

❒ कॉंक्रेविहार संवाददाता
काठमाडौं, १२ असोज

राष्ट्रिय महिला पब्जी मोबाइल च्याम्पियनसिप २०२६ को फाइनल आज काठमाडौंको महाराजगञ्जस्थित शुभ इन्टरटेन्मेन्टमा हुँदै छ ।

नेपालमा महिला ई-स्पोर्ट्स खेलाडीको प्रतिभा र क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा २४ महिला टोली सहभागी भएका थिए । तीमध्ये उत्कृष्ट १६ टोली फाइनलका लागि छनोट भएका छन् ।

सोमवार हुने फाइनलमा १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको कुल पुरस्कार राशि एक हजार अमेरिकी डलर रहेको



आयोजकले जनाएको छ ।

महिला ई-स्पोर्ट्सको विकास, नयाँ प्रतिभाको पहिचान तथा खेलाडीलाई राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक अवसर प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगितामा म्याक्स टाइगर इनर्जी ड्रिंक सहकार्य रहेको आयोजकले जनाएको छ । फाइनलमा महिला खेलाडीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

# सुदूरपश्चिम सरकारले ल्याउने बजेटमा समृद्धिका नाराभन्दा नतिजा खोज्दै जनता



✍ विपिन ओझा

सुदूरपश्चिम प्रदेशका जनताले अब सरकारका भाषण, आकर्षक नारा र सामाजिक सञ्जालका प्रचारभन्दा प्रत्यक्ष देखिने विकास र अनुभूति गर्न सकिने परिवर्तन खोजिरहेका छन् । त्यसैले आगामी बजेट केवल परम्परागत रूपमा रकम बाँड्ने दस्तावेज नभई सुदूरपश्चिमको आर्थिक रूपान्तरणको स्पष्ट मार्गचित्र बन्न आवश्यक छ ।

आजको आवश्यकता विगतमा कसले के गऱ्यो वा गरेन भन्ने आरोप-प्रत्यारोप होइन । आवश्यकता हो । अबको बाँकी कार्यकालमा माननीय मुख्यमन्त्री खगराज भट्ट नेतृत्वको वर्तमान सरकारले के गर्ने ? कसरी गर्ने ? कहिलेसम्म गर्ने र त्यसको परिणाम जनताले कहिले देख्न पाउने ? यसको स्पष्ट उत्तरसहितको विकास योजना प्रस्तुत गर्नु ।

अहिलेको आवश्यकता हो । वर्तमान मुख्यमन्त्री खगराज भट्टज्यू लामो सशस्त्र सङ्घर्ष गरेर, जनताहरूका अधिकार र समृद्धिका सपनाको ढ्याङ्ग्रो ठटाउँदै जेलनेल भोगेर परिवार छ र सहकर्मी समेत गुमाएको गहिरो पीडा सँगालेर यो कुर्सीसम्म पुग्न विभिन्न हन्डरहरूको सामना गरेर,अहिलेसम्म निष्कलङ्क नेताको छवि निर्माण गर्नु भएको छ । अब मुख्यमन्त्री भट्ट सामु चुनौतीको पहाड खडा छ । दुई पार्टीको संयुक्त प्रदेश सरकार मिलाएर सञ्चालन गर्नुपर्ने चुनौती एकातिर छ भने झन् बेला बखत झस्किने र अमिलो मुख लगाउने बानी परेका आफ्नै गठजोड दलभित्रका लोभी पापी प्रवृत्ति अर्खातिर दाउ टेकेर बसेका देखिन्छन् ।

सुशासनको भाषण गर्न सजिलो हुन्छ । तर त्यसलाई व्यवहारमा उतारेर परिणाम निकाल्नु नै सरकारको वास्तविक सफलता हो । जनताले अब नारा भन्दा समयसीमा, बजेट, कार्यान्वयन र परिणाम हेर्न चाहेका छन् ।

सम्भावनाको प्रदेश, परिणामको प्रतीक्षा

सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोत, पर्यटन, कृषि, जडीबुटी, जलविद्युत्, खनिज तथा सीमापार व्यापारका दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेश हो । महाकाली, सेती र कर्णालीजस्ता नदी प्रणालीले ऊर्जा विकासको ठूलो आधार दिन सक्छन् ।

पश्चिम सेती, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, कर्णाली नदीमा आधारित जलविद्युत् आयोजना तथा अन्य ठूला र साना जलविद्युत् परियोजनालाई अघि बढाउनसके प्रदेशको आर्थिक संरचनामै परिवर्तन ल्याउन सकिन्छ । तर सम्भावना हुनु र सम्भावनालाई आर्थिक उत्पादनमा बदल्नु फरक कुरा हो। अब सरकारले सम्भावनाको सूची होइन, कार्यान्वयनको कार्यतालिका दिनुपर्छ ।

त्यसैगरी कञ्चनपुरको सुख्खा बन्दरगाह, दैजी-छेला औद्योगिक क्षेत्र, हरैया आर्थिक केन्द्र, धनगढी विमानस्थल, महाकाली कोरिडोर, सेती लोकमार्ग, कर्णाली चिसापानी-वनबासा सडक विस्तार, अत्तरिया-डडेल्धुरा सडक स्तरोन्नति, खुटिया-दिपायल-उरै भन्ज्याङ सडकजस्ता रणनीतिक पूर्वाधारले सुदूरपश्चिमको आर्थिक गतिविधिलाई नयाँ गति दिनसक्छन् ।

स्वास्थ्य र शिक्षाका क्षेत्रमा डडेलधुरा मेडिकल कलेज, गेटामा सञ्चालनमा रहेको शहीद दशरथ चन्द चिकित्सा विश्वविद्यालय, बयलपाटा अस्पताल, डोटीको इन्जिनियरिङ शिक्षासँग सम्बन्धित पूर्वाधार तथा अन्य शैक्षिक संस्थालाई प्रदेशको मानव पुँजी विकाससँग जोड्न आवश्यक छ। त्यस्तै फाप्लामा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माणको अवधारणाले खेल पर्यटन र युवाको प्रतिभा विकासमा योगदान दिनसक्छ ।

यी आयोजना कुनै दल विशेषका मात्र होइनन् । यी सुदूरपश्चिमका साझा सम्पत्ति र भविष्यका आधार हुन् ।

उद्योग र पर्यटनलाई रोजगारीसँग जोड्नुपर्छ

सुदूरपश्चिम प्रदेश भौगोलिक रूपले पनि दुई छिमेकी मुलुक भारत र चीनसँग सीमा जोडिएको छ। यहाँका अधिकांश युवा रोजगारीको शिलशिलामा भारत जाने गरेका छन्, अझ पछिल्ला दिनहरूमा त स परिवार केटाकेटी सहित पनि उतै रोजगारी गर्न भौतारिरहेका देखिन्छन् ।

भारतमा गएर विभिन्न कम्पनीमा काम गर्दा पर्याप्त सीप सिकेर पनि फर्किने भएकाले सरकारले सुदूरपश्चिममै साना तथा मझौला उद्योग सञ्चालन गर्ने व्यवसायीहरुलाई सहुलियत व्यावसायिक कर्जा, प्रविधि हस्तान्तरण, स्टार्ट अप कर्जा, व्याज अनुदान, भन्सार सहुलियत तथा व्यवसाय गर्ने स्थान र कर छुटको व्यवस्था गरेर कम्तीमा ५ वर्ष व्यावसायिक सुरक्षा दिएर जान सके पर्याप्त रोजगारीका अवसर सिर्जना हुनसक्ने र आन्तरिक अर्थतन्त्र बलियो हुनसक्ने थियो । यसका साथै सुदूरपश्चिमका ऐतिहासिक, धार्मिक र सांस्कृतिक क्षेत्र समेटेर पर्यटन प्याकेज निर्माण गर्न सकेमा पर्यटन सम्भावना अझै पर्याप्त रूपमा अगाडि बढ्न सक्ने र रोजगारीका अवसर सिर्जना हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

खप्तडको प्राकृतिक सौन्दर्य, रामारोशनका ताल, बडिमालिकाको धार्मिक तथा प्राकृतिक महत्त्व, शुक्लाफाँटा वन्यजन्तु आरक्षको जैविक विविधता, अमरगढी किल्लाको ऐतिहासिक पहिचान, शैपाल हिमालको हिमाली आकर्षण तथा महाकाली, सेती र कर्णाली नदीमा साहसिक पर्यटनको सम्भावना विशाल छ । भने यहाँका संस्कृति देउडा, छलिया, हुड्केली, थारु नाच, चैत धुमारी पनि पर्यटन प्रवर्द्धन का लागि महत्त्वपूर्ण मानिन्छन् ।

तर पर्यटन विकासका लागि गन्तव्यको नाम मात्र पर्याप्त हुँदैन । सडक, विमानस्थल, होटेल, खानेपानी, विद्युत्, डिजिटल सूचना, पर्यटक सुरक्षा, स्थानीय उत्पादन र अन्तर्राष्ट्रिय प्रचार-प्रसारलाई एउटै प्याकेजमा जोड्नुपर्छ ।

यदि सुदूरपश्चिमका प्रमुख पर्यटकीय गन्तव्यलाई योजनाबद्ध रूपमा विकास गर्न सकियो भने लाखौँ पर्यटक आकर्षित गर्न सकिने सम्भावना छ । दुई विशाल छिमेकी देश सँग सिमानाका जोडिएको सुदूरपश्चिम प्रदेश अज सामरिक महत्त्वको मानिन्छ । त्यसबाट स्थानीय उत्पादनको बजार विस्तार हुनुका साथै हजारौँ युवाले आफ्नै गाउँ-ठाउँमा रोजगारी र उद्यमको अवसर पाउन सक्छन् ।

नौ जिल्ला, ८८ पालिका र एउटै विकास दृष्टिकोण

सुदूरपश्चिमको विकास धनगढी वा केही सीमित सहरको विकासमा मात्र केन्द्रित हुनुहुँदैन । प्रदेशका ९ वटै जिल्ला र ८८ वटै स्थानीय तहलाई अपनत्व हुने साझा विकासको वातावरण निर्माण गर्नुपर्छ ।

कुनै जिल्ला वा क्षेत्रले आफूलाई राज्यको मूलधारबाट बाहिर परेको महसुस गऱ्यो भने प्रदेशको समग्र विकासको भावना कमजोर हुन्छ । त्यसैले आगामी प्रदेश सरकारले निर्माण गर्ने बजेटले भूगोल, जनसत्‍्या र आवश्यकता हेरेर सन्तुलित विकासको आधार निर्माण गर्नुपर्छ ।

कम्तीमा प्रत्येक जिल्लामा पाँच-पाँच वटा दीर्घकालीन महत्वका ठूला रणनीतिक आयोजना छनोट गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने हो भने जनताले सरकारको उपस्थितिलाई प्रत्यक्ष अनुभूति गर्नसक्छन् । यस्ता आयोजनाका लागि बहु वर्षीय बजेट, स्पष्ट जिम्मेवारी र नियमित सार्वजनिक प्रगति विवरण आवश्यक छ ।

चुनावी नारामा भनिएको “सुदूर अब दूर छैन, झिक्कै-झिक्कै माया” भन्ने भावनालाई यस पटकको सङ्घीय सरकारको बजेट र व्यवहारबाट प्रमाणित गरेको देखिएन । अब सङ्घीय सरकारसँगको समन्वयमा प्रदेश सरकारले पनि आफ्नो अधिकार क्षेत्रभित्रका काममा नेतृत्व लिनुपर्छ ।

काठमाडौँ-धनगढी हवाई यात्राको महङ्गो भाडा, कमजोर पूर्वाधार र सीमित यातायात विकल्पले नागरिकलाई अझै दूरीको अनुभूति गराइरहेको अवस्थामा नाराभन्दा परिणाम महत्त्वपूर्ण हुन्छ । जनताको प्रश्न सरल छ-दूरी कहिले घट्छ ? सेवा कहिले सहज हुन्छ ? रोजगारी कहिले आफ्नै ठाउँमा सिर्जना हुन्छ ?

राजनीतिक संस्कार पनि विकासकै आधार हो

आज जनताको राजनीतिक चेतना पनि पहिलेभन्दा धेरै बढेको छ । सबै तहका सरकारमा रहने दल वा राजनीतिक शक्तिहरूले जनताबाट प्राप्त जनादेशलाई जिम्मेवार अभिभावकीय भूमिकामा रूपान्तरण गर्न आवश्यक छ। नारा केवल चुनावी मत पोल्टामा पार्ने पारा नयाँ र पुरानामा देखिदा जनतामा चरम निराशा छ ।

तीन तहकै सरकार बीच सहकार्य, समन्वय र सहअस्तित्वको संस्कारको कमी महसुस भइरहेको छ । जितपछि दम्भ, अहङ्कार, निरन्तर दोषारोपण र सरकार-प्रतिपक्षबीच अनावश्यक द्वन्द्व बढाउने राजनीतिक संस्कारले विकासको वातावरण निर्माण गर्दैन । लोकतन्त्रमा सरकार र प्रतिपक्षको भूमिका फरक भए पनि सार्वजनिक हितका ठूला सवालमा संवाद, सहकार्य र समन्वय आवश्यक हुन्छ ।

त्यसैगरी एउटा दलबाट अर्को दलमा प्रवेश गर्दैमा मानिसको राजनीतिक संस्कार, चिन्तन र व्यवहार स्वतः परिवर्तन हुँदैन । “वल्ला घरको नरे पल्लाघर सरे” भन्ने प्रवृत्तिले मात्र राजनीतिक परिवर्तन सम्भव हुँदैन । पद, अवसर र शक्ति प्राप्तिका लागि मात्र हुने राजनीतिक आवागमनले नागरिकमा विश्वास पैदा गर्दैन ।

राजनीतिक नेतृत्वको व्यवहार, नीति, पारदर्शिता, नैतिकता र नतिजा नै राजनीतिक विश्वासको वास्तविक आधार हुन् ।

वर्तमान नेतृत्वप्रति पनि नागरिकको अपेक्षा

सुदूरपश्चिम प्रदेशमा नेकपा एमाले/नेकपा नेतृत्वप्रति पनि नागरिकको अपेक्षा स्पष्ट छ । जनताले अब पार्टीका नेता-कार्यकर्ताबीचको आन्तरिक शक्ति सङ्घर्षभन्दा प्रदेशको विकासमा नेतृत्वदायी भूमिका खोजिरहेका छन् । केन्द्रीय सरकारसँग प्रभावकारी समन्वय गरेर प्रदेशका ठूला आयोजना अघि बढाउने, बजेट सुनिश्चित गराउने, रोकिएका आयोजनालाई गति दिने, लगानीको वातावरण निर्माण गर्ने र प्रदेशका नागरिकका साझा सवाललाई राष्ट्रिय बहसमा स्थापित गर्ने जिम्मेवारी वर्तमान मुख्यमन्त्री भट्टनेतृत्वको प्रदेश सरकारले लिनुपर्छ ।

नेतृत्वको मूल्याङ्कन अब कसले कति भाषण गऱ्यो वा सामाजिक सञ्जालमा कति चर्चा पायो भन्ने आधारमा होइन, कति आयोजना अघि बढे, कति सम्पन्न भए, कति रोजगारी सिर्जना भयो र नागरिकको जीवनमा कति परिवर्तन आयो भन्ने आधारमा हुनुपर्छ ।

प्रदेश सरकारको नेतृत्व गर्ने राजनीतिक शक्ति जुनसुकै होस्, सुदूरपश्चिमका जनताले एउटै कुरा चाहन्छन् । राजनीतिक स्थायित्व, सुशासन, विकास र परिणाम ।

बजेटले सपना होइन, रोडम्याप दिनुपर्छ

अब आउने बजेटमा हजारौँ साना योजना छर्ने भन्दा केही स्पष्ट प्राथमिकता निर्धारण गर्न आवश्यक छ। ऊर्जा, सडक, पर्यटन, कृषि, उद्योग, स्वास्थ्य, शिक्षा, रोजगारी र सीमापार व्यापारलाई प्रदेशको आर्थिक रूपान्तरणका मुख्य आधार बनाउन सकिन्छ ।

हरेक ठूला आयोजनाको लागत, स्रोत, समयसीमा, जिम्मेवार निकाय र अपेक्षित परिणाम सार्वजनिक गरिनुपर्छ। वार्षिक बजेटमा रकम छुट्याएर मात्र आयोजना सम्पन्न हुँदैन, त्यसको कार्यान्वयन क्षमता र निरन्तर अनुगमन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

सरकारले प्रत्येक वर्ष “यो वर्ष यति काम गऱ्यौँ” भनेर तथ्यसहित सार्वजनिक गर्ने संस्कार बसाल्न सके जनताको विश्वास बढ्छ । यसका लागि सार्वजनिक सुनुवाइ, प्रगति विवरण र परिणाममा आधारित मूल्याङ्कन आवश्यक छ ।

अब नयाँ अनुहार होइन, नयाँ परिणाम

सुदूरपश्चिमका जनता राजनीतिक परिवर्तनका अनेक चरण पार गरिसकेका छन् । उनीहरूले धेरै सरकार देखे, धेरै बजेट सुने र धेरै विकासका प्रतिबद्धता पनि सुने। त्यसैले अब उनीहरूको अपेक्षा सरल छ, नयाँ अनुहारभन्दा नयाँ परिणाम ।

यदि वर्तमान सरकारले सुदूरपश्चिमका ठूला आयोजनालाई प्राथमिकतामा राखेर स्पष्ट रोडम्याप बनायो, सङ्घीय सरकारसँग प्रभावकारी समन्वय गऱ्यो, आवश्यक बजेट सुनिश्चित गऱ्यो र कार्यान्वयनमा कडाइ गऱ्यो भने सुदूरपश्चिमले आगामी दिनहरूका लागि समृद्धि र विकासको नयाँ आधार निर्माण गर्न सक्छ ।

तर फेरि पनि योजना घोषणा हुने, बजेट छुट्याइने, शिलान्यास हुने र वर्षौँसम्म काम नहुने अवस्था दोहोरियो भने जनताको निराशा अझ गहिरिनेछ ।

# सचिव पौडेलद्वारा नेपालगन्ज रंगशालाको निरीक्षण

❑ **काँक्रेविहार संवाददाता**
नेपालगन्ज, १२ असोज

आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेलहरू नेपालगन्ज रंगशालामा सञ्चालन गरिने भएका छन् ।

सोही उद्देश्यले शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलको नेतृत्वको टोलीले सोमबार नेपालगन्ज रंगशालाको निरीक्षण तथा अनुगमन गरेको छ ।

साबिक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका प्रमुख महेश चन्दका अनुसार दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सम्बन्धमा स्थलगत जानकारी लिन सुर्खेत पुगेका मन्त्रालयका सचिव पौडेल र सहसचिव रमेश ढकाल लगायतले फर्किने क्रममा नेपालगन्ज पुगेर रंगशालामा रहेका खेल पूर्वाधारहरुको निरीक्षण गरेका हुन् ।

सो क्रमममा उनीहरूले रंगशालाको मुख्य मैदान, पौडी पोखरी, सुटिङ रेन्ज,



कभर्ड हल लगायतको निरीक्षण गरी दसौं राष्टिय खेलकुद प्रतियोगिताका करिब ६ वटा खेलहरू नेपालगन्जमा खेलाउने तयारी गर्नुपर्ने बताएका हुन् ।

समितिका प्रमुख चन्दले भने, “दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पूर्व तयारीका क्रममा खेलकुद मन्त्रालयका सचिव र सहसचिव लगायतले नेपालगन्ज रंगशालामा सञ्चालन हुने सम्भावित खेलस्थलहरूको अनुगमन तथा निरीक्षण गर्नुभएको हो ।”सो अवसरमा साबिक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले नेपालगन्ज रंगशालाका विभिन्न खेलस्थल तथा पूर्वाधारबारे जानकारी गराएका थिए । नेपालगन्जमा सम्पन्न भएको आठौं राष्ट्रिय खेलकुदका लागि ठुला लगानीका साथ धेरै खेलकुद पूर्वाधारहरू तयार पारिएका थिए । उचित संरक्षण र रखेदेखका लागि बजेट नहुँदा खेल पूर्वाधारहरूको अवस्था दयनीय बन्दै गएको बेला नेपालगन्जमा दसौं खेलकुदका केही खेलहरू आयोजन गरिए पूर्वाधारको संरक्षण र रेखदेखमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# थारू गाउँमा सुरू भयो सखियाको रौनक

❑ **काँक्रेविहार संवाददाता**
कैलाली, १२ असोज

कैलालीको थारु बस्तीमा परम्परागत सखिया नाचको रौनक सुरू भएको छ ।

दसैं नजिकिएसँगै थारु समुदायले गाउँघरमा सखियाको ‘पैँया’ (सखिया नृत्य) देखाउन थालेका हुन् । अट्वारी पर्व लगत्तै सखियाको पैँया सुरू गर्ने चलन रहेको धनगढी उपमहानगरपालिका-८ धनगढी गाउँका सूर्य चौधरीले बताए ।

यो पर्व सकिएपछि गाउँघरमा दसैंको तयारीस्वरूप परम्परागत एवम् मौलिक नृत्य सखिया नाचको पैँया लगाउन थालिएको छ । विभिन्न गाउँका महिलाले साँझपख सामूहिक रूपमा सखिया नाच नाच्न थालेका छन् ।

कैलारी गाउँपालिका-६ बेनौली गाउँ पनि सखिया नाच नाच्नका लागि बजाइने मादलको तालले गुञ्जायमान हुन थालेको छ । यो गाउँका महिला, युवतीले सखियाको पैँया लगाउन थालेका छन् । पैँया गीतविहीन नृत्य रहेको बताइन्छ । दसैंमा भने गीत गाउँदै सखिया नाच देखाइने गरेको जनाइएको छ ।



अट्वारी पर्व मनाइ सकेपछि गाउँमा सखियाको पैँया लगाउन थालिएको बेनौलीका सखिया नाचको मंदरिया (मादल बादक) वेद्प्रसाद महतोले बताए ।

उनले हरेक साँझबाट पैँया लगाउने कार्य सुरू भइ राति १० बजेसम्म सखियामा रमाउन थालिएको जानकारी दिए । महतो भन्छन्, “अब यहाँबाट दसैंसम्म गाउँमा सखिया नाचको पैँया लगाउँछौं ।”

मादल र मजिराको तालमा युवती वा महिलाले सामूहिक रूपमा सखिया नाच नाच्ने गर्दछन् । मादल बजाउने ‘मंदरिया’को निर्देशन र मादलको ताल (खोट)अनुसार उनीहरूले विभिन्न तरिकाको नाच देखाउने गरेको बताइन्छ । साथी सङ्गीहरू मिलेर सामूहिक रूपमा नाच्ने नृत्य भएकाले यो नाचलाई सखिया नाच भनिएको हो ।

थारु समुदायमा महिलाले महिला साथीलाई ‘सखी’ भन्ने गर्दछन् । साथीहरु मिलेर नाच्ने नाच भएकोले यसलाई सखिया नाच भनिएको बताइन्छ । सखिया नाच थारु समुदायको मौलिक लोक नृत्य हो ।

# पञ्चदेवल विनायक नगरपालिकामा कांग्रेसमा मेयरको कमाण्डोमा लफडा

❑ **सागर रावल**
अछाम, १२ असोज

पञ्चदेवल विनायक नगरपालिकामा नगर सभापति चयनका लागि मतदान प्रक्रिया सुरु नगरी क्षेत्रीय अधिवेशनको उद्घाटन प्रक्रिया सम्पन्न गरिएको भन्दै कांग्रेसभित्र असन्तुष्टि देखिएको छ ।नगरपालिकाको नेतृत्व चयनका लागि सुदूरपश्चिम प्रदेश सहमहामन्त्री अम्बिका चलाउनेलाई जिम्मेवारी दिइएको भए पनि नगर सभापति पदमा आफूअनुकूल नेतृत्व नआउने अवस्था देखिएपछि मतदान तथा सहमतिको प्रक्रियालाई बेवास्ता गरिएको प्रतिनिधिको आरोप छ ।यद्यपि, यसबारे चलाउनेको औपचारिक धारणा सार्वजनिक भएको छैन ।सहमतिको प्रयासका लागि जिल्ला सभापति पुष्पबहादुर शाहले समेत सामान्य सोधपुछबाहेक ठोस पहल नगरेको प्रतिनिधिहरूको गुनासो छ । नगर सभापति पदका लागि वडा अध्यक्ष कमलबहादुर रावल, प्रजापति जैसी र बलराम बिष्ट आकांक्षी रहेका छन् । कांग्रेसभित्रको आन्तरिक शक्ति समीकरणमा बलराम बिष्टलाई सहमहामन्त्री अम्बिका चलाउने र सुरतबहादुर बिष्टको समर्थन रहेको बताइएको छ । कमल रावललाई उपमेयर हर्क रावलको तथा प्रजापति जैसीलाई वेदप्रकाश तिमिल्सैनाको समर्थन रहेको बताइएको छ ।

क्षेत्रीय अधिवेशनमा आफूअनुकूल परिणाम नआउने आकलनका कारण नगर सभापतिको निर्वाचन तथा सहमतिको प्रक्रिया टुंग्याउन ढिलाइ गरिएको र संयोजकको जिम्मेवारी पायकी सहमहामन्त्री अम्बिका चलाऊनेले जिम्मेवारी बाट पंछीन खोजेको केही प्रतिनिधिको दाबी छ ।उनीहरूले नगर नेतृत्व चयनमा भएको ढिलाइले क्षेत्रीय अधिवेशनमाँ समेत भाग नलिने बताएका छन् ।यसैबीच कमल रावल समर्थक क्षेत्रीय प्रतिनिधिहरूले आजदेखि सञ्चालन हुने क्षेत्रीय अधिवेशन बहिष्कार गरेका छन् । उनीहरू नेपाली कांग्रेसको देउवा पक्षमा सहभागी हुने सम्भावना रहेको बताइएको छ ।

नगर सभापति चयनमा देखिएको विवाद र आन्तरिक शक्ति संघर्षका कारण पञ्चदेवल विनायकमा कांग्रेसको नगर अधिवेशन प्रभावित भएको देखिएको छ ।आरोप र दाबीबारे सम्बन्धित नेताहरूको औपचारिक धारणा आउन बाँकी छ ।

## कर्णाली...

सांसदका रुपमा काम गर्न दिन अन्तरिम आदेश भएको थियो । न्यायाधीश मेघराज पोखरेलको एकल इजलासको अन्तरिम आदेशपछि शर्मालाई प्रदेश सभामा नियमित जाने बाटो खुलेको थियो ।

शर्मा २०७९ सालको निर्वाचनमा तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट प्रदेश सभा सदस्य निर्वाचित भएका थिए ।

नेकपाबाट जनार्दन शर्मा अलग भएर प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका थिए । गत फागुन २१ मा भएको निर्वाचनमा प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवारको प्रचारमा लागेको आरोपमा नेकपाले उनलाई पदमुक्त गर्ने निर्णय गरेको थियो ।

# उत्तरी हुम्लाको स्याउको स्वाद हराउने चिन्ता



❑ **काँक्रेविहार संवाददाता**
हुम्ला, १२ असोज

असोज ९ गतेबाट लगातार भएको वर्षाले स्याउको स्वादमा कमी आउने देखिएपछि किसान चिन्तित भएका छन् ।

धेरै वर्षा हुँदा बोटमै रहेका स्याउका दानाको स्वादमा मिठासमा कमी आउने प्राविधिकले जानकारी दिएका हुन् ।

सिमकोट गाउँपालिका- ५ मा ६० बोट स्याउ फलाए किसान मानविर रोकायाले स्याउको स्वाद हराउने भन्दै चिन्ता व्यक्त गरे । दुई हजार ९४५ मिटर उचाईमा फलेका स्याउका दाना टिप्ने बेला भइ नसकेको अवस्थामा तीन दिन लगातार वर्षा हुँदा स्वतस्फूर्तरुपमा स्याउका दानामा हुने मिठासमा कमी आउने कृषि प्राविधिकबाट थाहा पाएको उनी बताउँछन् ।

रोकाया एक हजारभन्दा बढी किलोग्राम स्याउ फलेको अनुमान गर्छन् ।

लामो समय वर्षा भएको स्याउका स्वादमा कमी आउने कृषि विकास कार्यालयलका प्रमुख चुडामणी पन्तले बताए । उनले हिमाली जिल्ला हुम्लाको स्याउको गुणस्तर स्तरीय भएको तर, अविरल वर्षाका कारण बोटमा भएका स्याउको स्वादमा कमी आए समस्या हुने बताए ।

माथिल्लो क्षेत्रका खार्पुनाथ, सिमकोट र नाम्खा गाउँपालिका उच्च भूभागमा रहेका स्याउ पाक्न सकेका छैनन् । ती गाउँपालिकाका स्याउ असोज १५ गतेपछि मात्र टिप्ने तयारी छ ।

एक हप्ता लगातार वर्षा र पहिरोका कारण सडक बन्द हुँदा नाम्खा गाउँपालिका - १ को हेक्पा खोलाको स्याउ बगैंचाबाट टिपेर नेपालगञ्ज ढुवानी गर्नुपर्ने सात टन सिमकोट मै रोकिएको छ । कृषि विकास कार्यालयका प्रमुख पन्तका अनुसार यसरी टिपेर लामो समय थन्किएको स्याउमा समस्या आउन सक्छ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

स्वास्थ्य सम्बन्धी जनहितमा जारी सन्देश

- मघपान, धुम्रपान र सुर्तिजन्य पदार्थ र अधिक नुन सेवनले उच्च रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोग, मुख तथा फोक्सोको क्यान्सर लगायतका स्वास्थ्य समस्याहरु हुनसक्ने भएकाले यसको सेवन नगरौ ।
- कम्तीमा वर्षमा १ पटक नियमित स्वास्थ्य परीक्षण गरौं जसको कारणले उच्च रक्तचाप, मधुमेह, मृगौलाको समस्या, क्यान्सर साथै अन्य नसर्ने रोगहरुको समयमा नै पहिचान भई रोगको जटिलताबाट समयमा नै बचाउन सकिन्छ । प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा संचालन गरेको नागरिक परिक्षण कार्यक्रममा सहभागी हौं ।
- ट्राफिक नियमको पालना गरौं, जथाभावी सडक पार नगरौ, जेब्रा क्रसिङ्गबाट मात्र सडक पार गरौं साथै तीव्र गतिमा सवारी साधन नचलाऔं ।
- मानसिक तनावरहित जीवन जिउने अभ्यास गरौं र कुनै मानसिक समस्या आएमा तुरुन्त मनोसामाजिककर्तासँग परामर्श लिने गरौं ।
- **तत्काल एम्बुलेन्स सेवा लिन टोलफ्रि नं. १०२ तथा आत्महत्याको सोच आएमा टोलफ्रि नं. ११६६ नम्बरमा परामर्श सेवा लिने गरौं, अस्पताल भ्याक्सिन लगायत स्वास्थ्य सम्बन्धी विभिन्न सूचनाहरूका लागि टोलफ्रि नम्बर ११५ मा सम्पर्क गरौं ।**
- बाल हेल्पलाइन १०९८ मा आकस्मिक उद्धार, मनोविमर्श, अल्पकालीन आश्रय तथा अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, पारिवारिक परामर्श, पारिवारिक सहयोग, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन ।
- मौसम अनुसारको फलफूल, हरियो सागसब्जी खाने गरौं, म्याद गुज्रेका लेभल नभएका खाद्य तथा पेय पदार्थको सेवन नगरौं ।
- स्वास्थ्य सम्बन्धी सेवा लिदा सरकारी वा इजाजत प्राप्त निजी स्वास्थ्य संस्थाबाट मात्र सेवा लिने गरौं ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# वर्षाले फलफूल र तरकारी खेतीमा क्षति



*लामो समयसम्म लगातार परेको वर्षापछि आएको तीव्र हावाहुरीले फल लागेका सुन्तलाका बोट जोडले हल्लाउँदा ठुलो मात्रामा दाना र पात झरेर खेतबारीमा छरिएका छन् ।*

**कांँक्रेविहार संवाददाता**
सल्यान, १२ असोज

हावाहुरीले सल्यानमा फलफूल, तरकारी खेती तथा रुखविरुवामा ठुलो क्षति गरेको छ ।

शनिबार आएको तीव्र गतिको हावाहुरीले जिल्लाका विभिन्न क्षेत्रमा लटरम्म फलेका सुन्तला, टिमुर, रिठा लगायतका फलफूलका दाना झार्नुका साथै तरकारी र मकै बालीमा समेत क्षति गरेको हो ।

हावाहुरीका कारण छत्रेश्वरी, त्रिवेणी, बनगाड कुपिण्डे, बागचौर र कपुरकोट लगायतका क्षेत्रमा व्यावसायिक खेती प्रभावित भएको किसानहरूले बताएका छन् । लामो समयसम्म लगातार परेको वर्षापछि आएको तीव्र हावाहुरीले फल लागेका सुन्तलाका बोट जोडले हल्लाउँदा ठुलो मात्रामा दाना र पात झरेर खेतबारीमा छरिएका छन् । कतिपय स्थानमा बोट नै निमोठिएर क्षतिग्रस्त भएका छन् ।

छत्रेश्वरी गाउँपालिका -२ मा मात्र लाखौँ रुपियाँ मूल्य बराबरका सुन्तला हावाहुरीले झारेको स्थानीय विजयकुमार घर्तीले बताए । उनका अनुसार सुन्तलासहित अन्य फलफूल र मकै बालीमा समेत ठुलो क्षति पुगेको छ । वडा अध्यक्ष प्रेम नेपालीले वडाका करिब आठसय घरधुरी किसानले सुन्तला खेती गर्दैआएकोमा मुख्य आम्दानीको स्रोत सुन्तला र टिमुरमा क्षति पुगेपछि निराशा छाएको छ ।

बनगाड कुपिण्डे नगरपालिकाको माझकाँडा, त्रिवेणी गाउँपालिकाको फालाबाङ लगायत क्षेत्रमा पनि सुन्तला र टिमुरमा क्षति पुगेको छ । टिप्ने समय नजिकिएका सुन्तलाका दाना ठुलो मात्रामा झरेका छन् । रिठाका दाना समेत अधिकांश झरेको र टिमुरका बोटमा क्षति पुगेको स्थानीय यमबहादुर भण्डारीले बताए ।

कपुरकोटमा पनि तरकारी तथा फलफूल खेतीमा व्यापक क्षति पुगेको छ । कपुरकोट -३ का हेमराज विकले खेतबारीमा लगाइएका फलफूल र तरकारीका बोटहरू हावाहुरीले ठुलो मात्रामा नष्ट गरेको तथा बेलौतीका बोटहरु जरैदेखि ढालेको बताए ।

हावाहुरीले कृषि क्षेत्रसँगै वन क्षेत्रमा समेत क्षति गरेको छ । कपुरकोट गाउँपालिका अध्यक्ष दुर्गाबहादुर पुनका अनुसार केही घर, गोठ र विद्यालयका छाना उडाउनुका साथै विभिन्न सामुदायिक वनमा हजारौँ सल्लाका रूख ढलेका छन् ।

ढलेका रूखका कारण सडक, विद्युत् संरचना तथा बस्ती आसपास थप जोखिम बढेको छ ।

बागचौर नगरपालिकाका प्रमुख जनकराज गौतमले किसानबाट क्षतिको विवरण प्राप्त हुन थालेको भन्दै सबै क्षेत्रको क्षति विवरण संकलन गरिने बताए ।

लगातारको वर्षापछि आएको हावाहुरीले एकै पटक कृषि र वन क्षेत्रमा क्षति गरे पनि जिल्लाभरको यकिन क्षतिको विवरण संकलन हुन बाँकी छ ।

विद्युत, सडक तथा ग्रामीण मोटरबाटो समेत अवरुद्ध रहेकाले क्षतिको विवरण संकलनमा कठिनाइ भएको पुनको भनाइ छ ।

# कांग्रेस महाधिवेशन सार्ने तयारी

**कांँक्रेविहार संवाददाता**
काठमाडौं, १२ असोज

नेपाली कांग्रेसले १५औं महाधिवेशनको मिति सार्ने तयारी गरिएको छ ।

कांग्रेसको महाधिवेशन असोज १६-१९ गतेसम्म गर्ने तय भएको थियो । निर्धारित मितिमा वडा, पालिका र प्रदेश-प्रतिनिधिसभा निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न नभएपछि महाधिवेशनको मिति सार्न लागिएको हो ।



महामन्त्री प्रदीप पौडेलले महाधिवेशनको मिति दुई-तीन दिन सर्न सक्ने बताए । 'प्रदेश-प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन आज र भोलि कति सम्पन्न हुन्छ । कति बाँकी रहन्छ त्यही अनुसार दुई-तीन दिन सार्नुपर्ने हुन सक्छ,' पौडेलले भने ।

महाधिवेशनको मिति सार्नु परे केन्द्रीय कार्यसम्पादन वा कार्यसमिति बैठक बोलाएर निर्णय लिने उनको भनाइ छ । 'केन्द्रीय महाधिवेशनको मिति कार्यसम्पादन वा कार्यसमितिको बैठकबाट हुन्छ । मातहतको कार्यतालिका निर्वाचन समितिले अवस्था हेरेर हेरफेर गरिरहेको छ,' पौडेलले भने । असोज ३ गतेबाट सुरु भएको वडा अधिवेशन करिब सम्पन्न भए पनि असोज ७ मा पालिका र १० मा प्रदेश-प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन आधा मात्र सम्पन्न भएको छ ।

## किशोर...

नगएको भए सायद आज उ मदेखि टाढा हुन्थ्यो,' उनले भने, 'मैले उसलाई अर्की आमा आएपनि तँलाई उत्तिकै माया गर्छिन् र म पनि कहिल्यै तेरो साथ छोड्दैन, तेरो खुसी नै हाम्रो खुसी हो भनेर धेरै सम्झाएँ, उसलाई मेरो सर्वस्व नै तँ होस् तेरो मम्मीले जस्तै तैँले पनि छोडेर गइस् भने म कसरी बाँच्ने भनेर धेरै सम्झाएँ अहिले उ राम्रोसँग पढिरहेको छ, हामीसँग बस्ने, आफ्नो मनको कुरा भन्ने भएको छ ।'

समस्या देखिएपछि जगदिशको परिवारले उनको व्यवहारमाथि ध्यान दियो र उनीसँग संवाद गऱ्यो । अहिले उनी परिवारसँगै छन् र पढिरहेका छन् । यसले किशोरकिशोरीमा देखिने मानसिक समस्या समयमै पहिचान र सहयोग पाउँदा अवस्था फरक हुन सक्ने पक्षलाई देखाउँछ । कर्णालीका किशोरकिशोरीको मानसिक अवस्थाबारे पछिल्लो समय भएका अध्ययनले पनि एक्लोपन, सामाजिक डर र तनावको अवस्था देखाएका छन् । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय जनस्वास्थ्य विभागका सगुन दर्लामीसहितका अनुसन्धानकर्ताले २०२४ मा वीरेन्द्रनगरका कक्षा ११ र १२ का ४ सय २८ विद्यार्थीमा तथ्यांक संकलन गरी गरेको अध्ययन २०२५ मा प्रकाशित भएको हो । अध्ययनमा २८ दशमलव ८ प्रतिशत विद्यार्थीमा हल्का र २२ दशमलव ४ प्रतिशतमा मध्यम सामाजिक भय देखिएको थियो । सामाजिक भय र एक्लोपनबीच सकारात्मक सम्बन्ध तथा आत्मसम्मानसँग नकारात्मक सम्बन्ध देखिएको अध्ययनको निष्कर्ष छ । ३३ दशमलव ६ प्रतिशत विद्यार्थीले आफ्ना सामाजिक सम्बन्ध सतही रहेको बताएका थिए ।

कर्णालीका ४ सय २४ किशोरकिशोरीमा गरिएको २०२३ को शैक्षिक तनावसम्बन्धी अध्ययन र २०२४ मा वीरेन्द्रनगरका ४ सय २८ विद्यार्थीमा गरिएको सामाजिक भयसम्बन्धी अध्ययनले फरक-फरक पक्ष देखाए पनि दुवै अध्ययनले किशोरावस्थामा मानसिक तथा सामाजिक दबाब रहेको देखाउँछन् ।

यता कर्णाली प्रदेश प्रहरी कार्यालयअनुसार प्रदेशमा पछिल्ला पाँच आर्थिक वर्षमा आत्महत्याबाट ज्यान गुमाउने १८ वर्षमुनिका बालबालिका तथा किशोरकिशोरीको संख्या २ सय ८७ पुगेको छ । प्रवक्ता सन्तोषसिंह राठौरका अनुसार आर्थिक वर्ष २०७८/७९ मा १८ वर्षमुनिका ३४ जनाले आत्महत्या गरेका थिए । २०७९/८० मा पनि ३४ जना थिए । २०८०/८१ मा यो संख्या बढेर ९० पुग्यो । २०८१/८२ मा ५८ र २०८२/८३ मा ७१ जनाले आत्महत्या गरेका छन् । अर्थात् पाँच वर्षको अवधिमा कर्णालीमा आत्महत्या गर्नेमा १८ वर्ष नपुगेका २ सय ८७ जना छन् ।

आर्थिक वर्ष २०८२/८३ को प्रहरी वर्गीकरणमा आत्महत्याका घटनासँग घरेलु हिंसा १ सय १, नैराश्यता ९१ र गरिबी ५७ घटनामा जोडिएको देखिन्छ । मानसिक समस्या १७, आवेगमा आएर १४, प्रेम सम्बन्ध १० र दीर्घरोग ७ घटनामा कारणका रुपमा उल्लेख छन् ।

प्रदेश अस्पताल सुर्खेतका मानसिक रोग विशेषज्ञ डा. सुशील समदर्शीका अनुसार आत्महत्याको प्रयास गरेर अस्पताल आउने बिरामीमा विभिन्न उमेर समूहका व्यक्ति छन् । विषादी सेवन, औषधिको अत्यधिक सेवन, आफूलाई चोट पुऱ्याउनेलगायतका प्रयासपछि उपचारका लागि आउने बिरामीलाई उपचारपछि मानसिक स्वास्थ्य सेवासँग जोड्ने गरिएको उनले बताए ।

'परामर्श गरेका धेरैजसो केसमा उदासीपन, डर, चिन्ता, तनाव, सम्बन्धमा समस्या र आफूले भनेका कुरा पूरा नभएको अवस्थाबाट आत्महत्याको प्रयास गरेको पाउँछौँ,' डा. समदर्शीले भने । किशोरकिशोरीमा परिवारबाट टाढा बस्नुपर्ने अवस्था, पढाइको समस्या, सम्बन्धमा समस्या, मनको कुरा व्यक्त गर्न नसक्नु, तनाव व्यवस्थापन गर्न नसक्नु र आवेगपूर्ण निर्णयजस्ता अवस्था देखिने गरेको उनको भनाइ छ । उनका अनुसार अस्पतालमा परामर्श गरिएका केसको अनुभवमा करिब ८० देखि ९० प्रतिशतमा कुनै न कुनै मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिने गरेको छ । अस्पतालमा दैनिक तीनदेखि पाँच जनासम्म विषादी सेवन, आफूलाई चोट पुऱ्याउने वा आत्महत्याको प्रयासपछि आउने गरेको उनको उपचार अनुभव छ । यो औपचारिक अस्पताल तथ्यांक नभई चिकित्सकको अनुभवमा आधारित संख्या हो । डा. समदर्शीका अनुसार घरेलु, यौन तथा लैंगिक हिंसाका घटना धेरैपटक बाहिर नआउने र पीडितले समस्या गुम्साएर राख्ने अवस्थाले पनि मानसिक समस्या बढाउन सक्ने भन्दै मानसिक रोगको उपचार सम्भव भएको र आफुहरुकहाँ निःशुल्क परामर्श रहेको भन्दै नडराउन आग्रह गरे । किशोरकिशोरीमा समयमै समस्या पहिचान गर्न नसक्दा अवस्था गम्भीर बन्न सक्ने भएकाले वरपरका आफन्तले कसैले केही भन्न खोजेको खण्डमा सुनेर उपचारका लागि सुझाउन पनि सुझाव दिए । 'समाचारमा आत्महत्याका घटनाहरू अलिकति ग्लोरिफाइ भएर आउँदा एउटै प्रकृतिका घटनाको अनुकरण हुने जोखिम हुन्छ,' उनले भने ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१३**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री धर्मराज ढुङ्गाना** धनी रहेको, **दर्ता नम्बर** २७७३/०७२/०७३ बाट **वीरेन्द्रनगर-५, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री ढुङ्गाना ढुवानी सेवा** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।










कांँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)